NEPAL LIFE
INSURANCE CO. LTD.

मिति : २०८१/०४/०७

पत्र संख्या २०८१/८२ च.नं. एच-३७

श्री नेपाल स्टक एक्स्चेञ्ज लि.,
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ ।

विषय: **२३औं र २४औं (संयुक्त) बार्षिक साधारण सभाको माईन्यूट पेश गरिएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा, मिति २०८१/०३/१८ गतेमा होटल भिष्वा, बीरगञ्जमा आयोजना भएको यस कम्पनीको २३औं र २४औं (संयुक्त) बार्षिक साधारण सभाको माइन्यूट यसै पत्रसाथ संलग्न राखी पेश गरिएको ब्यहोरा अनुरोध गर्दछौं ।

(विनोद कुमार भुजेल)
कम्पनी सचिव

संलग्न:
१) साधारण सभाको माईन्यूट

NEPALLIFE INSURANCE CO. LTD.

# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको २३औं र २४औं (संयुक्त) वार्षिक साधारण सभाको निर्णय (माईन्युट) विवरण

१) नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०८१/०२/२८ गते बसेको सञ्चालक समितिको ३७७औं बैठकको निर्णयानुसार २३औं र २४औं वार्षिक साधारण सभा अध्यक्ष श्री गोबिन्द लाल संघईज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा सुसम्पन्न भयो ।

२) **सभा भएको मिति, स्थान र समय :-**

मिति : २०८१ साल आषाढ १८ गते मंगलबार (तदनुसार २ जुलाई २०२४)

स्थान : होटल भिष्वा, बीरगञ्ज, पर्सा ।

समय : विहान १०.०० बजे प्रारम्भ भई दिउँसो १२.३० बजे सम्पन्न ।

३) **सभाको सूचना :-**

यस कम्पनीको २३औं तथा २४औं वार्षिक साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनी नियमावलीको नियम ९ अनुसार मिति २०८१ जेष्ठ २९ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिक र मिति २०८१ आषाढ १० गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने मिति, स्थान, समय, शेयर दाखिल खारेज र छलफलको विषयसूची सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

४) **छलफलका विषयसूचीहरु :-**

क) **सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ. व. २०७८/७९ र आ. व. २०७९/८० को वार्षिक कार्य प्रगति प्रतिवेदनहरु पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ. व. २०७८/७९ र आ. व. २०७९/८० को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३) संचालक समितिको अनुरोधमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त स्वीकृति अनुरुप आ.व. २०७९/८० को लागि लेखापरीक्षक एस.ए.आर. एशोसिएट्सलाई गरिएको नियुक्ति र निजको पारिश्रमिकलाई अनुमोदन गर्ने ।

४) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५) आ.व. २०७९/८० को लागि संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको २१.०५% (कर प्रयोजनसहित) का दरले हुन आउने रु. १,७२,७९,९२,९४९/- बराबरको नगद लाभांश वितरण गर्ने स्वीकृत गर्ने ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

ख) बिशेष प्रस्ताव

१) कम्पनीको संचालक समितिमा संस्थापक समूह (क) का शेयरधनीहरुबाट ३ जना संचालक, सर्वसाधारण समूह (ख) का शेयरधनीहरुको तर्फबाट ३ जना संचालक तथा १ जना स्वतन्त्र संचालक हुने गरी समूहगत प्रतिनिधित्व सम्बन्धमा नियमावलीमा संशोधन प्रस्ताव पारित गर्ने बारे ।

२) कम्पनी नियमावलीमा गरिने संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्नु परेमा सोको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

**ग) अध्यक्षज्यूको अनुमतिले अन्य कुनै प्रस्तावहरु ।**

**५) उपस्थिति**

**क) संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| १. श्री गोबिन्द लाल संघई | अध्यक्ष |
| २. श्री कमलेश कुमार अग्रवाल | सञ्चालक |
| ३. श्री बिमल प्रसाद ढकाल | सञ्चालक |
| ४. श्री कृष्णराज लामिछाने | सञ्चालक |
| ५. श्रीमती पारुल ढकाल | सञ्चालक |
| ६. श्री शक्ति कुमार गोल्याण | सञ्चालक |

**ख) पदाधिकारीहरुको उपस्थिति**

| | |
|---|---|
| १. श्री प्रवीण रमण पराजुली | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री अमित कुमार कयाल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री उमापती पोखरेल | नायब महाप्रबन्धक |
| ४. श्री ओमप्रकाश पुडासैनी | बरिष्ठ सहायक महाप्रबन्धक |
| ५. श्री प्रेम प्रसाद रेग्मी | सहायक महाप्रबन्धक |
| ६. श्री विनोदकुमार भुजेल | कम्पनी सचिव |
| ७. श्री जोया खान | लेखा तथा वित्त विभाग प्रमुख |
| ८. श्री रोशन दवाडी | सामान्य सेवा विभाग प्रमुख |
| ९. श्री अमित कुमार झा | ब्राण्डिङ्ग एण्ड कम्युनिकेशन इकाई प्रमुख |
| १०. श्री दशरथ झा | प्रादेशिक कार्यालय प्रमुख, मधेश प्रदेश |

६) **शेयरधनीहरुको उपस्थिति**

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | २,००,६२८ | २२५ | ११० | ३३५ | - |
| शेयर संख्या | ८,२०,७९,६६५.५४ | ५५,२४,०९१ | ४,०२,९३,२८१ | ४,५८,१७,३७२ | ५५.८२ |

७) **गणपुरक संख्या एवं बैधानिकता**

सभाको प्रारम्भमा उद्घोषकको रुपमा कम्पनी सचिव विनोद कुमार भुजेलले २३औं र २४औं वार्षिक साधारण सभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो ।

८) **सभाको अध्यक्षता र सभा संचालन**

निर्धारित विषयसूचिमा छलफल गर्ने क्रममा कम्पनी सचिवले अध्यक्षज्यू एवं संचालकज्यूहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो । कम्पनीको उक्त वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१४(ग) बमोजिम सञ्चालक श्री गोविन्द लाल संघईज्यूले गर्नुभयो । प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को अधिनमा रही सभाध्यक्ष श्री गोबिन्द लाल संघईज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको विधिवत् प्रारम्भ गर्नुभयो । उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाध्यक्षज्यूबाट सभाको कार्यक्रम अघि बढाउनु भयो ।

९) **२३औं तथा २४औं बार्षिक प्रतिवेदनहरुको प्रस्तुती**

सभाको काम कारबाहीलाई अगाडि बढाउने कममा सभाध्यक्ष श्री गोबिन्दलाल संघईज्यूले आ.व. २०७८/७९ र आ.व. २०७९/८० को सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब किताब तथा नगद प्रवाह विवरणहरु साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०) **छलफलका लागि आह्वान :-**

अध्यक्षज्यूद्वारा वार्षिक प्रतिवेदन र वासलातको प्रस्तुतिपछि सो सम्बन्धमा आ-आफ्नो प्रश्न, जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गरिदिन कम्पनी सचिवद्वारा शेयरधनी महानुभावहरुलाई आह्वान गरियो । यसै क्रममा देहायका शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनुभयो ।

क) श्री रामचन्द्र बन्जाडे

ख) श्री गोगन बहादुर पराजुली क्षेत्री

ग) श्री ओम  बहादुर के.सी.

घ) श्री नारायण दाहाल

ङ) श्री गणेश अधिकारी

च) श्री नरेश प्रसाद पटेल

११) प्रस्तुत गरिएका जिज्ञासा एवं सुझावहरु :

क) **श्री रामचन्द्र बन्जाडे**ज्यूले कम्पनीले शेयरधनीहरुलाई २१.०५% नगद लाभांश दिएको र नेपाल सरकारलाई राजस्व भुक्तानी मार्फत राम्रो योगदान गर्न सकेकोमा खुसी व्यक्त गर्नु भयो । उहाँले बीमितहरुको लागि राम्रो बोनसदर र अभिकर्ताहरुको लागि राम्रो प्रोत्साहन योजनाहरु ल्याउन सक्दा कम्पनीको व्यापार बृद्धिमा सहयोगी हुने सुझाव दिनु भयो । श्री बन्जाडेज्यूले वार्षिक प्रतिवेदन पुस्तक छाप्दा शुद्धाशुद्धीमा ध्यान दिन व्यवस्थापनलाई आग्रह गर्दै ऐन, कानूनको परिपालनामा ध्यान दिन अनुरोध गर्नु भयो ।

ख) **श्री गोगन बहादुर पराजुली क्षेत्रीज्यूले** कम्पनीको चुक्ता पूँजी बढाउन आग्रह गर्दै बीमितको लागि बोनसदर बढाउने तर्फ पनि ध्यान दिन संचालक समितिलाई अनुरोध गर्नु भयो । नेपाल लाइफले अन्य कम्पनीहरुको तुलनामा राम्रो व्यापार गरेको देखिएता पनि केही सूचकहरुमा विगतको तुलनामा कम भएको देखिएकोले त्यसका सुधारमा ध्यान दिन व्यवस्थापनलाई सुझाव प्रस्तुत गर्नु भयो । उहाँले कम्पनीको वार्षिक साधारण सभा काठमाण्डौंमा गर्न सके आफुहरुलाई सहभागिता जनाउन सजिलो हुने धारणा राख्दै कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्नु भयो ।

ग) **श्री ओम बहादुर के.सी.ज्यूले** कम्पनीले शेयरधनी, बीमित, कर्मचारी, अभिकर्ता लगायत सवै स्टेकहोल्डरहरुको हितका लागि कार्य गर्नु पर्ने बताउदै कम्पनीले बीमितको बोनसदर न्यूनतम रु. ६५ बनाउन सके व्यापार बृद्धिमा सकारात्मक प्रभाव पर्न सक्ने धारण सुझावका रुपमा प्रस्तुत गर्नु भयो । उहाँले वार्षिक साधारण सभा हुनु केही दिन पूर्व नै सवै शेयरधनीहरुको हातमा वार्षिक प्रतिवेदन पुस्तक पुऱ्याइ दिने व्यवस्था गर्न कम्पनीलाई आग्रह गर्नु भयो । श्री के.सी. ले कम्पनीले शेयरधनीहरुलाई भविष्यमा बोनश शेयर समेत दिन सके राम्रो हुने भन्दै विज्ञापन प्रणालीलाई मितव्ययी एवं प्रभावकारी वनाउन आवश्यक रहेको भनी सुझाव दिनु भयो ।

घ) **श्री नारायण दाहालज्यूले** बार्षिक प्रतिवेदनमा लेखिएका बुँदाहरुको कार्यान्वयन पक्ष बलियो हुनुपर्ने धारणा राख्दै शेयरधनीहरुको सुझावलाई संचालक समिति र व्यवस्थापनले ध्यान दिई कार्यान्वयन गरि दिन आग्रह गर्नु भयो । कम्पनीले शेयरधनी र संचालक समितिबीच बेला बेला अन्तक्रिया कार्यक्रमहरु हुन सके लाभदायी हुने विचार व्यक्त गर्नु भयो । श्री दाहालले शेयरधनीहरुका लागि कम्पनीले घोषणा गरेको २१.०५% नगद लाभांशका लागि धन्यवाद दिदैं बीमितहरुलाई प्रदान गरिने बोनसदर बढाउन संचालक समितिलाई अनुरोध गर्नु भयो ।

ङ) **श्री गणेश अधिकारीज्यूले** २ आर्थिक वर्षहरुको एकै पटक वार्षिक साधारण सभा हुनु राम्रो नदेखिएको भन्दै ऐनको समयावधिभित्र वार्षक साधारण सभा गर्न सुझाव दिनु भयो । विगतका वर्षहरुको तुलनामा शेयरधनीहरुलाई दिइएको लाभांशहरु घट्दै जानु चिन्ताको विषय लागेको बताउनु भयो । उहाँले कम्पनीको व्यापार लक्ष्य पुरा गर्न व्यवस्थापनले अभिकर्ताहरुको लागि राम्रो प्रोत्साहन योजनाहरु ल्याई काममा लगाउन सक्नु पर्ने धारण व्यक्त गर्नु भयो । श्री अधिकारीले नेपाल लाइफ सवैभन्दा ठूलो कम्पनी भएकोले व्यवस्थापनले आफ्नो व्यापार र गरिमालाई उच्च राख्न ब्राण्डिङ्ग मार्फत सकरात्मक सन्देश जनसमुदायमा पुऱ्याउन आवश्यक रहेको सुझाव प्रस्तुत गर्नु भयो । अन्त्यमा, उहाँले बीमितहरुको बोनसदरलाई संचालक समितिबाट आगामी वर्ष अझ राम्रो बनाउने प्रतिबद्धता गरि दिन आग्रह गर्नु भयो ।

च) **श्री नरेश प्रसाद पटेलज्यूले** आफु बीरगंजबासी शेयरधनी भएको र बीरगंजमा आयोजित साधारण सभामा उपस्थित रहनु भएका संचालकज्यूहरु र व्यवस्थापनका कर्मचारीहरुलाई हार्दिक स्वागत गर्न चाहेको बताउनु भयो । उहाँले शेयरधनीहरुका लागि प्रस्तावित २१.०५% नगद लाभांशको लागि कम्पनीलाई धन्यवाद दिदैं आगामी वर्ष बोनस शेयर समेत प्रदान गर्न अनुरोध गर्नु भयो । यस कम्पनीले हरेक वर्ष तोकिएको समयावधि भित्र वार्षिक साधारण सभा गर्न अनुरोध गर्दै कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्नु भयो ।

१२) **शेयरधनीहरुको जिज्ञासाको जवाफ:**

अध्यक्ष श्री गोबिन्द लाल संघईज्यूले सभामा आफनो अमुल्य सुझाव तथा जिज्ञासा राख्नुभएका शेयरधनीलाई हार्दिक धन्यबाद व्यक्त गर्नुहुदै शेयरधनीहरुको प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनका लागि प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीज्युलाई निर्देशन दिनु भयो ।

**प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुली**

शेयरधनीहरुज्यूको प्रश्न र जिज्ञासाहरुप्रति प्रतिउत्तर दिने क्रममा प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीज्यूले शेयरधनीहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकरात्मक प्रतिक्रिया र कम्पनीले प्रगतिका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि धन्यवाद दिनुभयो । शेयरधनीहरुको सकारात्मक सुझावहरुलाई टिपिएको र कार्यान्वयनमा लगिने प्रतिबद्धता जनाउनु भयो । प्रमुख कार्यकारी अधिकृतज्यूले रेगुलेटरी कम्लायन्सको कारणले असार महिनामा नै वार्षिक साधारण सभा गर्नु पर्ने भएको जानकारी दिदैं अर्को आ.व. को साधारण सभा समयमा गर्ने गरी कार्य गरिरहेको जानकारी गराउनु भयो । उहाँले पछिल्लो वर्षहरुमा व्यापार राम्रो भई रहेको र कम्पनीले Risk Based Capital अनुसारको पूँजी कायम गरि रहेको जानकारी गराउनु भयो । कम्पनीले ग्राहकहरुको लागि हरेक वर्ष राम्रा बीमा योजनाहरु ल्याइ रहेको र भविष्यमा पनि बजारमैत्री राम्रा बीमा योजनाहरु ल्याउने कम्पनीको वार्षिक योजनामा रहेको बताउनु भयो । कम्पनीको दीर्घकालिन विकासका लागि हरेक सूचकहरुमा उल्लेख्य सुधार गर्ने गरी व्यवस्थापनले कार्य अगाडि बढाइ रहेको जानकारी गराउनु भयो । बीमितहरुलाई प्रदान गरिने बोनसदरलाई समयानुकूल र थप प्रभावकारी बनाउन नियुक्त बीमाङ्कीबाट कम्पनीको बीमाङ्कीय मूल्याकंन प्राप्त गरेपछि सम्पूर्ण

आधारहरुमा पुनरावलोकन गरी बोनसदर पुनरावलोकनको कार्य अघि बढाउने जानकारी गराउनु भयो । अन्त्यमा, कम्पनीको प्रगतिमा सधैं सकारात्मक सहयोग गर्ने शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

**सभाध्यक्षज्यूको अनुमतीमा संचालक श्री कमलेश कुमार अग्रवालज्यू**

शेयरधनीहरुज्यूको जिज्ञासा तथा सुझावहरुका लागि आभार व्यक्त गर्दै संचालक श्री कमलेश कुमार अग्रवालज्यूले समीक्षा वर्षहरुमा विद्यमान इकोनोमिक रिसेसनमा समेत कम्पनीले राम्रो कार्य गर्न सकेकोमा सवै कर्मचारी, अभिकर्ता, बिजनेश कोअर्डिनेटर र एजेन्सी म्यानेजरहरुलाई धन्यवाद दिनु भयो ।

कम्पनीले विगतका साधारण सभाहरुमा शेयरधनीहरुले राख्नु भएको सुझावहरुको आधारमा नै यो वार्षिक साधारण बीरगंजमा आयोजना गरिएको बताउनु भयो । उहाँले आ.व. २०७८/७९ को वासलातमा कम्पनीले एफ.पि.ओ. र हकप्रद शेयर लिलामीमा प्राप्त प्रिमियम वापतको कर र शेयर लगानीमा भएको नोक्सानीको प्राभिजनिङ्ग समायोजन गर्नु परेकोले शेयरधनीलाई त्यस वर्ष लाभांश दिन नसकिएको जानकारी गराउनु भयो । साथै, आ.व. २०७९/८० को मुनाफाबाट शेयरधनीहरुलाई २१.०५% नगद लाभांश दिन सक्नु कम्पनीको राम्रो सफलताको रुपमा मान्नु पर्ने बताउनु भयो ।

धेरै शेयरधनीज्यूहरुले बीमितहरुको लागि प्रदान गरिने बोनसदर बढाउनु पर्ने सुझावका सम्बन्धमा उहाँले यो विषय प्राविधिक भएको, नेपाल बीमा प्राधिकरणको बीमाङ्कीय मूल्याङ्कन नीतिमा रही कम्पनीको बीमाङ्कीले तयार गरेको बीमाङ्कीय प्रतिवेदनमा रहेर मात्र यसको निर्णय हुने हुँदा प्रचलित कानून र विधिको अवलम्बन गर्दै अर्को वर्ष राम्रो बोनसदर घोषणा गर्नका लागि संचालक समितिले अधिकतम प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

**१३) साधारण सभाको छलफल तथा निर्णयहरु**

**क) सामान्य प्रस्ताव**

१) सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको कम्पनीको आ.व. २०७८/७९ र आ.व. २०७९/८० को बार्षिक कार्य प्रगति प्रतिवेदनहरु छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो ।

२) सभामा लेखापीरक्षकको प्रतिवेदन सहित आ.व. २०७८/७९ र आ.व.२०७९/८० को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३) सभामा संचालक समितिको अनुरोधमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त स्वीकृति अनुरुप आ.व. २०७९/८० को लागि लेखापरीक्षक एस.ए.आर. एण्ड एशोसिएट्सलाई गरिएको नियुक्ति र निजको वार्षिक पारिश्रमिक शुल्क भ्याटसहित रु. ११,५८,२५०/-(अक्षरेपी एघार लाख अन्ठाउन्न हजार दुई सय पचास मात्र ) प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरियो ।

४) सभामा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिसमा संचालक समितिले कूल वार्षिक लेखापरीक्षण सेवाशुल्क (For Statutory Audit, Tax Audit, Certification as

per Act, LFAR and Corporate Governance Certification) भ्याटसहित रु. ११,५८,२५०/- ( अक्षरुपी रु. एघार लाख अन्ठाउन्न हजार दुई सय पचास मात्र) दिने शर्तमा आ.व. २०८०/८१ का लागि चार्टड एकाउन्टेन्ट संस्था पि. एल. श्रेष्ठ एण्ड कम्पनीलाई लेखापरीक्षकको रुपमा नियुक्ति गर्ने प्रस्ताव छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो ।

५) आ.व. २०७९/८० को लागि संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको २१.०५% (कर प्रयोजनसहित) का दरले हुन आउने रु. १,७२,७९,९२,९४९/- बराबरको नगद लाभांश वितरण गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भयो ।

ख) **विशेष प्रस्ताव**

१) सभामा कम्पनीको संचालक समितिमा (३ महले प्रस्ताव बमोजिम) संस्थापक समूह (क) का शेयरधनीहरुबाट ३ जना संचालक, सर्वसाधारण समूह (ख) का शेयरधनीहरुको तर्फबाट ३ जना संचालक तथा १ जना स्वतन्त्र संचालक हुने गरी समूहगत प्रतिनिधित्व सम्बन्धमा नियमावलीमा संशोधन प्रस्ताव छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो ।

२) सभामा कम्पनी नियमावलीमा गरिने संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्नु परेमा सोको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो ।

**नियमावलीमा संशोधन प्रस्ताव (३ महले)**

| नियम | हाल कायम रहेको व्यवस्था | संशोधित भई कायम हुने व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| नियम ६(क) | **६. संचालक र निजको कार्य अवधि :**<br>(क) यस कम्पनीको संचालक समितिमा ७ जना संचालकहरु समितिमा रहने छन् । जस मध्ये संस्थापक समूह (क) बाट ४ जना र सर्वसाधारण समूह (ख) बाट २ (दुई) जना निर्वाचित गरिने छ तथा १ (एक) जना स्वतन्त्र संचालक नियुक्त गरिने छ । | **६. संचालक र निजको कार्य अवधि :**<br>(क) यस कम्पनीको संचालक समितिमा ७ जना संचालकहरु समितिमा रहने छन् । जस मध्ये संस्थापक समूह (क) बाट ३ (तीन) जना र सर्वसाधारण समूह (ख) बाट ३ (तीन) जना निर्वाचित गरिने छ तथा १ (एक) जना स्वतन्त्र संचालक नियुक्त गरिने छ । | संस्थापक शेयर र साधारण शेयरको अनुपात ५१:४९ रहेकाले सोही अनुपातमा संचालक समिति गठनमा संस्थापक शेयरधनी र साधारण शेयरधनीको प्रतिनिधित्वको अनुपात मिलाउन आवश्यक भएकाले । |

ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु ।

अध्यक्षज्यूको अनुमतिले छलफलका लागि अन्य कुनै बिषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराईयो ।

१६. धन्यवाद तथा सभा विसर्जन

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको २३औं र २४औं वार्षिक साधारणसभालाई आफ्नो अमुल्य समय प्रदान गरी सभा सम्पन्न गर्नमा सहयोग गरिदिएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै दिउँसो १२.१५ बजे सभाका अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(विनोदकुमार भुजेल)
कम्पनी सचिव

(गोबिन्द लाल संघई)
अध्यक्ष